# खाद्य सुरक्षाका लागि 'कृषि-जैविक विविधता प्रवर्द्धन आवश्यक'

कारोबार संवाददाता

काठमाडौं, २७ असोज

जलवायु परिवर्तनको अनुकूलनका लागि बाली जैविक विविधता प्राकृतिक बिमासरह हुने विज्ञहरूले बताएका छन्। उनीहरूले आधुनिक कृषिमा रासायनिक मलखाद, विषादीजस्ता वस्तुको प्रयोग तथा हरेक वर्ष एकैखालका बालीको विकास बढ्दै गएको भन्दै यसको न्यूनीकरण तथा दिगोपनका लागि कृषि-जैविक विविधताको संरक्षणमा जोड दिए।

साउथ एसिया वाच अन ट्रेड इकोनमिक्स एन्ड इन्भाएरोमेन्ट (सावती) र ११औं जैविक विविधता सम्मेलनका सहभागी पक्षहरू (सीबीडी कोप ११) को आयोजनामा भारतको हैदरावादमा भएको 'जलवायु परिवर्तन, कृषि जैविक विविधता तथा खाद्य सुरक्षा' विषयक छलफलका विज्ञहरूले यस्तो धारणा राखेका हुन्।




सावतीका कार्यकारी निर्देशक डा. रत्नाकर अधिकारीले उत्कृष्ट १० बीउबिजन कम्पनीले विश्वबजारको ६७ प्रतिशत हिस्सा लिएको भन्दै बीउबिजन उद्योगहरू धेरैभन्दा धेरै बीउको पेटेन्ट लिने ध्यानमा लागेको बताए। यस्तो अभ्यासले आगामी धेरै वर्षसम्म एकैखाले बाली विकासको बाध्यता कायम रहने उल्लेख गर्दै कृषकहरू जलवायु परिवर्तनको जोखिममा पर्ने बताए।

कृषकले कृषि जैविक विविधतामा महत्वपूर्ण भूमिका निर्वाह गरेको भए पनि यसको कदर नभएको उनको भनाइ छ। "यो भावी दिनमा खाद्य सुरक्षाका सवालमा चिन्ताजनक विषय हो," उनले भने, "त्यसकारण कृषि जैविक विविधता संरक्षण गर्न कृषकलाई सहुलियत, समूह र संस्थाहरू आवश्यक पर्छ।"

कृषक तथा समुदायलाई पुरस्कृत गर्ने संयन्त्रको आवश्यकता औंल्याउँदै अधिकारीले नयाँ प्रजातिका उत्पादन विकास गर्नेहरू यसलाई निरन्तरता दिन नसक्ने अवस्थामा पुगेको बताए।

वन तथा भूसंरक्षण मन्त्रालयका सचिव डा. कृष्णचन्द्र पौडेलले समग्र विकास प्रक्रियामा नै जैविक विविधताको महत्वपूर्ण योगदान रहेको उल्लेख गरे। कृषि जैविक विविधता खाद्य सुरक्षाको सुनिश्चितताका अत्यन्त महत्वपूर्ण रहेको बताए। उनले कृषि जैविक विविधतालाई सांकेतिक महत्व दिएरमात्र नहुने भन्दै जलवायु परिवर्तनको नकारात्मक असर न्यूनीकरणका लागि यसको प्रवर्द्धनमा जोड दिए।

भारतको जयपुरस्थित कटस इन्टरनेसनलका नीतिविश्लेषक सुरेश सिंहले कृषि जैविक विविधता संरक्षणका तथा जलवायु परिवर्तनको अनुकूलनका लागि कृषकको चेतना बढाउनुपर्ने बताए। यूएससी क्यानडा एसियाका प्रतिनिधि तथा प्राविधिक सल्लाहकार डा. प्रताप श्रेष्ठले जलवायु अनुकूल वनस्पति तथा प्राणीको आनुवंशिक स्रोत संरक्षण तथा सामुदायिक बीउबिजन प्रणालीलाई मौसमको अवस्थाबारे अग्रिम जानकारी दिन आवश्यक रहेको तर्क गरे।

सावती र फ्रिडजफ नन्सिन इन्स्टिच्युट (एफएनआई) ले जलवायु परिवर्तन तथा व्यापारसँग सम्बन्धित सम्पत्तिको अधिकार (ट्रिप्स)का सम्झौता कार्यान्वयन गर्नुपर्ने निष्कर्ष निकालेका छन्।